# असमानताको संघर्षका नेतृ
# मिठाइदेवी विश्वकर्मा



जन्म : बि.सं. १९९३

# असमानताको संघर्षका नेतृ : मिठाईदेवी विश्वकर्मा



- धनकुमारी सुनार

लामो समयसम्म उत्पीडित समुदायको समानताका लागि संर्घषमा होमिएर पनि हाल राजनैतिक र सामाजिक बृतमा ओफेलमा पर्नुभएको संर्घषशील व्यक्तित्वको नाम हो मिठाइदेवी विश्वकर्मा जसले नेपालको राजनैतिक परिवर्तन, महिला मुक्ति र जातीय उत्पीडन विरुद्ध अथक रुपमा लागि परिरहनुभयो । मिठाइदेवी विश्वकर्माले समाजमा रहेको जातीय आधारमा हुने भेदभाव , हिशां र शोषणलाई जरादेखि नै फयांक्न कम्मर कसेर कठिनाइहरुसंग जुझ्न सधैं लाग्नुभयो । बाल्यकालदेखि नै नेपाली प्रजातान्त्रिक आन्दोलन , महिला आन्दोलन र वर्गीय उत्पीडनको आन्दोलनका हस्ती र ऐतिहासिक व्यक्तित्वहरु गणेशमान, टंक प्रसाद आचार्य , पुष्पलाल ,सहाना, साधना प्रधानहरुसंग उठबस गर्ने ऐतिहासिक अवशर पाउनु भएको थियो । प्रजातान्त्रिक आन्दोलनका धरोहर व्यक्तिहरुको साथ संगतले उहांले उत्पीडन र शोषणको विरुद्ध लाग्ने प्रेरणा बाल्यकालदेखि नै मनग्य प्राप्त गर्नुभएको थियो । राणाहरुको एक तन्त्रीय शासनको विरुद्ध आफनो जीवनको पर्वाह नगरी जाई लागेका थुप्रै जुझारु र क्रान्तिकारी युवाहरुसंगसगै किशोरी मिठाइदेवी पनि आन्दोलनमा अघिपछि हिड्ने गर्नुहुन्थ्यो । बि. सं. २००४ सालताका जतिखेर उहां खेल्ने-उफ्रने उमेरकी हुनुहुन्थ्यो, टंकप्रसाद आचार्य रामहरी शर्मा, चुडानाथ शर्मा, गणेशमान सिहहरुं जेलमा थिए, तत्कालीन राजनैतिक अवस्था सहज नभएकाले राजनैतिक भेटघाट गर्नु ज्यानको बाजी लाउनु जतिकै जोखिम थियो । जेल परेका राजबन्दीहरुलाई चिठीहरु, गोप्य रुपमा पुर्याउनु झनै कठिन थियो, जसले गर्दा विभिन्न तरिकाहरु अपनाइन्थ्यो । यस्तै कार्यमा किशोरी मिठाइदेवीले पनि योगदान दिनुभएको थियो । तारादेवी, मेवादेवी कपाली संगसगै उहांले पनि तरकारी र फलफूल भित्र लुकाएर बाहिरको चिठीपत्र भित्र पुर्याईदिने काम गरेर प्रजातान्त्रिक आन्दोलनला सघाउ पुर्याउनु भएको थियो भने मिठाइदेवी जम्मा १२ वर्षको किशोरी हुदां नै आफना पिता बेखनारायण कपाली आवद्ध संगठन 'नेपाल प्रजा परिषद' पार्टीको राणा बिरोधी आन्दोलनमा आफ्ना पिता तथा ठूलाबा सहर्षनाथ कपालीसंगै रातभरि पर्चा पम्पलेट तयार पार्न सघाउने कार्य गर्ने गरेको बताउनुहुन्छ उहां ।

मिठाईदेवी विश्वकर्माले नेपालको प्रजातान्त्रिक आन्दोलनमा महत्वपूर्ण योगदान पुचाउनुकासाथै मानव समुदायको लागि कलंकको रुपमा रहेको छुवाछूतप्रथा ,जातीय भेदभाव ,उत्पीडन र शोषण विरुद्धका असंख्य चुनौतिहरुसंग जुझ्दै दलित मुक्तिका लागि आफ्नो जीवनकाल भरि नै संर्घषरत नेतृको रुपमा आफुलाई सर्मपित गर्न सक्नु नै उहांको परिचायक व्यक्तित्व बनेको छ ।

नेपाली समाजमा रहेको विकृतिहरु मध्ये छुवाछूत र जातीय भेदभाव पनि एक हो जुन मानवता विरुद्दको जघन्य अपराधको रुपमा रहेको छ । ,जसले मान्छे ,मान्छे बिच छुत, अछूतको पर्खाल लगाई भेदभाव गर्दछ र मानवलाई ठूलो सानोको वर्गमा विभाजन गर्दछ । मिठाइदेवीले समाजको पिधंमा रहेको समुदायका महिलाहरुको हक अधिकारका लागि संगठित रुपमा आवाज उठाउने काम गरेर यस क्षेत्रमा ठूलो गुन लाउनुभएको छ । महिला भित्र पनि अत्यन्त दयनीय अवस्थामा बांच्न बाध्य जनसंख्याको २० प्रतिशत दलितहरुको सामाजिक अवस्थालाई सुर्धान ,सांस्कृतिक विभेदले जन्माएको कुसंस्कारहरुको अन्तको लागि उहांले निरन्तर संर्घष गर्नुभयो । वि.सं २०१२ सालमा दलित महिलाका हक र अधिकार को लागि आफ्नै नेतृत्वमा ११ सदस्य 'नेपाल परिगणित नारी संघ' गठन गरेर तत्कालीन समयमा उठेका महिलाका मुद्दाहरु पारिवारिक समस्याहरु, झै, झगडा मिलाउने, महिलाका लागि नैतिक शिक्षा, महिला हक, हित, उत्थान, चेतना र मुक्तिका आवाजहरु उठाउनु भएको थियो । तत्कालीन टंक प्रशाद आर्चाय प्रधानमन्त्री भएको बेला चीनको प्रधान मन्त्री चाउऐनलाइ आएको बेला आफ्नो संगठनको तर्फबाट अभिनन्दन पत्र बुझाउन ५ जना महिलाहरु मेबादेवी ,कलावती, पूर्णकुमारी कपाली लिलावती महत्वपूर्ण भूमिका खेलेको देखिन्छ ।

उहांको नेपाली नारीको अवस्था र अवस्थिति'(२०६१) नाम गरेको पुस्तक प्रकाशन पनि भएको छ , जसमा आम महिलाहरु र त्यसभित्र दलित महिलाहरुको समस्या उठाइएको छ भने सिङ्गो महिला आन्दोलनले सिमान्तकृत दलित महिलाहरुको आवाज उठाउन नसकेको समस्यालाई उहांले आफ्नो पुस्तकमा उठाउनु भएको छ ।

मिठाईदेवी विश्वकर्माको जन्म बिक्रम सम्वत् १९९३ सालमा फागुन १० गते माता मिश्री कपाली र पिता बेखनारायण कपालीको कोखबाट जेठी सुपुत्रीकोरुपमा

काठमाडौंको इन्द्रचोकमा भएको हो । स्नातकसम्मको अध्ययन पुरा गर्नु भएकी मिठाईदेवीको महिला, आन्दोलन, दलित आन्दोलन, राष्ट्रिय राजनीतिसंग जोडिएका उल्लेखनीय योगदानलाई बिर्सन सकिदैन । त्यसैगरी तत्कालीन सामाजिक तथा राजनैतिक परिवेशमा शिक्षा आर्जन गर्न दलित तथा महिलाहरुलाई समेत वर्जित हुनुपर्ने तत्कालीन अवस्थामा मिठाइदेवीले उच्चशिक्षा हासिल गरी पत्रकारिता र साहित्य क्षेत्रमासमेत योगदान पुरयाउन आफैमा अनुकरणीय काम थियो भने दलित आन्दोलनको पुरानो द्रस्तावेजको रुपमा मानिने 'प्रेरणा साप्ताहिक', संजीवनी साहित्यिक मासिक पत्रिका , 'महिला बोल्छीन' महिलाहरुको सम्बन्धमा निस्केको पत्रिकाको संम्पादक भएर काम गरेको उहांको अनुभव छ । उहांको यस्ता गतिविधीले दलित, महिला तथा दलित महिलाका मुद्दाका विषयमा ऐतिहासिक दस्तावेज बनाउनमा सहयोग पुग्यो । संविधानसभाको मागलाई लिएर २०१४ सालमा चलेको 'भद्र-अवज्ञा आन्दोलनमा समेत उहाँले सक्रीयरुपमा भाग लिनुभयो , मोतीदेवी कपाली, पार्वती दर्नाल, सावित्री दर्नाल , पूर्णकुमारी कपाली लगायत यो आन्दोलनमा सहभागि हुनुभएको थियो। त्यसैगरी तत्कालीन समयमा पशुपति मन्दिरमा दलितहरुलाई प्रवेश निषेध थियो । वि.सं २०११ सालमा हजारौको संख्यामा मन्दिर प्रवेश गर्ने कार्यक्रमको नेतृत्व गर्ने सहर्षनाथ कपाली, बेखनारायण कपाली तेजमाया कपाली , लक्ष्मी कपाली लगायत हजारौ संख्यामा महिला र केटाकेटीहरु समेतको सहभागिता थियो। मन्दिर प्रवेश आन्दोलनमासमेत उहांले सक्रिय भूमिका खेल्नुभएको थियो । यही आन्दोलनपछि मात्र दलितहरुले पनि पशुपति मन्दिरमा प्रवेश पाउन थालेका हुन् । यसका साथै उहांले पत्रकारिता, साहित्य जस्ता बिधामा कलम चलाएर पनि आन्दोलनमा सघाऊ पुऱ्याउनु भयो । अतः उहांको नेपालको दलित आन्दोलनमा प्रारम्भिक कालदेखिनै सक्रीय भूमिका रहेकोले दलित आन्दोलनमा ऐतिहासिक सशक्त दलित महिला नेतृको रुपमा आफ्नो पहिचान बनाउन सफल हुनुभएको छ ।

राजधानीको मध्यमवर्गीय पारिवारमा जन्मिनुभएको मिठाईदेवीको बाल्यकाल सामान्य बालवालिकाकोभन्दा भिन्नै तरिकाले बितेको पाईन्छ। दलित समुदायमा जन्मिएको कारण सानैदेखिनै उहांले धारा-पंधेरामा कुटाइ खानुपऱ्यो । जसलेगर्दा बालमस्तिष्कमा बिद्रोहको भावना जाग्यो । जातीय भेदभावको अन्त्यका लागि

राजनीतिमा पहुंच हुनुपर्ने कुरालाई कपाली परिवारले बुझेको थियो । त्यसैले कपाली परिवारका सबै सदस्य दलित आन्दोलनमा सक्रीय भएकाले उहांको परि वार पनि राजनीतिमा सक्रीय थियो । जसलेगर्दा उहांको पारिवारिक माहोल नै आन्दोलित थियो, जसको प्रभाव उहांमा पर्नु पनि स्वाभाविक थियो । जसको कारण उहांलाई बाल्यकालदेखि नै राजनीतिक तथा सामाजिक आन्दोलनमा भाग लिने अवसर प्राप्त भयो । यसकारण पनि आन्दोलनमा प्रत्यक्ष तथा अप्रत्यक्षरुपमा बाल्यकालदेखि नै सरिक हुदैं आउनुभयो । बाल्यकालमै, विशेषत: राणाहरुलाई विस्थापन गरेपछि र महाकवि लक्ष्मीप्रसाद देवकोटा शिक्षामन्त्री भएपछि देशका सम्पूर्ण भेगमा शिक्षाको लहर भरखरभर्खर चल्न थालेको थियो नै तर पनि दलित तथा महिलाले पढ्नु पर्छ भन्ने भावना आम जनमानसमा आएकै थिएन र सरकारका नीति पनि त्यसरुपमा बिकास भईनसकेको स्थिति थियो । यसबीचमा पनि आन्दोलनकै सकृयताको प्रभावले होला, उहांले औपचारिक शिक्षा प्राप्त गर्ने अवसर पाउनुभएको थियो । शिक्षाका साथै खेलकुदमा रुचि भएको कारण साथीहरुसंग सामान्य खेलकुदमा उहांको समय वित्दथ्यो । सानैदेखि तीक्ष्ण बुद्धि भएको मिठाईदेवी पढाइका साथै अन्य गतिविधिमा पनि भाग लिने गर्नु हुन्थ्यो ।

विशेषगरी मिठाईदेवीका हजुरबुवाले दरवार हाइस्कुल तथा अन्य हाइस्कुलमा 'अछूतले पनि पढ्न पाउँ' भनि चन्द्रशमसेरसमक्ष त्यो बिन्तीपत्र चढाएका थिए । चन्द्रशम्सेरले उक्त बिन्तीपत्रलाई स्वीकृति जनाएका थिए । जसको कारण शिक्षाको प्रभाव कपाली परिवारमा पर्‍यो । परिणामत: मिठाईदेवीलेसमेत औपचारिक शिक्षा लिने मौका पाउनुभयो । उहाँ पढाईमा तीक्ष्ण भए पनि संघ-संगठनमा सक्रीय हुन बढी रुचि राख्ने भएकीले  अपेक्षितरुपमा शिक्षा प्राप्त गर्नमा उहांले ध्यान दिन सक्नु भएन । राजधानीमा जन्मिएको र हुर्किएको कारण जतिखेर दलितले पढ्नु हुंदैन भन्ने स्थिति थियो, त्यतिबेला पनि उहांले पढ्ने आँट् गर्नु सहासकै कुरा थियो । यसक्रममा प्राथमिक तहसम्मको कक्षा शान्ति निकुञ्ज विद्यालयमा, त्यसपछि कक्षा ८ सम्मको अध्ययन कन्यामन्दिर, प्युखा (हालको दर बार हाईस्कुल) मा पुरा गरी मीडवाईफको तालिम भारतको इलाहावादबाट लिनुभयो । त्यसपछि दरवार हाईस्कुलको त्रिभूवन प्रौढ शिक्षा निकेतनमा भर्ना

भएर र त्यहीबाट २०१४ सालमा मेट्रीक (त्यसबेलाको एस्एल्सी) उतीर्ण गर्नुभयो त्यसपछि मानविकी संकायतर्फबाट मनोबिज्ञान, नेपाली, नागरिकशास्त्रजस्ता विषयहरु लिएर उहाले उच्च शिक्षा (स्नातकसम्म) हासिल गर्नुभयो ।

संभवतः दलित महिलाकोतर्फबाट स्नातक गर्नेसमेत उहाँ पहिलो हुनुपर्दछ, उहाँले जुन वेला स्नातक तहको अध्ययन गर्नुभयो, त्यतिवेला सो तहमा पुग्ने दलित पुरुषहरु पनि अत्यन्त कम थिए । यस घटनालाई हेर्दा उहांमा सानैदेखि अप्रत्यक्ष रुपमा देशमा चलेका मूलप्रवाहका राजनीतिमा सहयोगी भूमिका निर्वाह गर्नुभयो । बि.सं. २००९ सालमा सहर्षनाथ कपालीको अध्यक्षतामा रहेको संगठन, 'नेपाल राष्ट्रिय परिगणित जनविकास परिषद'मा रहेर पनि काम गर्नुभयो जुन संगठन दलित हक अधिकारका लागि गठन गरिएको थियो । त्यस भन्दा पहिला 'टेलर युनियन' नामक संगठन क्रियाशील थियो । दलित आन्दोलनको प्रारम्भमा उपत्यकामा बिभिन्न दलितभित्रकै जातीय संगठनहरु मात्र थिए । जातीय संगठनको एकल आन्दोलनले मात्र दलित आन्दोलनले गति लिने नदेखेपछि उपत्यका बाहिरका अन्य दलितहरुलाई पनि समटेर लैजाने प्रयत्न भए । परिणामस्वरुप 'नेपाल राष्ट्रिय परिगणित जनबिकास परिषद' को स्थापना भएको थियो । जुन संगठनमा मिठाईदेवीले निरन्तररुपमा काम गर्दै आउनुभयो । उहां दलित आन्दोलनमा सक्रीय रहिरहंदा दलित आन्दोलनलाई सशक्त बनाउने क्रममा संगठनको संरचनामासमेत परिवर्तन हुँदै आएको पाइन्छ । परिवर्तितरुपमा विकास भएका यी संगठनहरुमा पनि उहांको सक्रीय संलग्नता रहयो ।

त्यतिवेला धारा-पँधेरा, पसल जस्ता स्थलमा कुटपिट, भुत्लाभुत्ली हुन्थ्यो, ठूलो र सानो भन्ने भेदभाव थियो, पसलमा पनि अलग्गै बसेर सामान किन्नु पर्दथ्यो । त्यसवेला उहाको मनमा "हामी पनि त मान्छे हो हामीलाई किन अलग गरेको होला ?" भन्ने प्रश्न उठ्थ्यो र समानता हुनु पर्ने भावना जाग्थ्यो । यसर्थमा यस्तै र यी अनगिन्ति घटनाहरुले उहालाई झनै बिद्रोही बनायो । परिणामस्वरुपः आजीवन उहा दलित आन्दोलनमै सक्रीय हुनुभयो । तिनै आन्दोलनकै वीचमा लैंगिक भेदभावले समेत उहाँलाई छोएको थियो, तदनुरुप महिला मुक्तिका लागि पनि क्रियाशिल रहदै आउनुभयो । उहांको पारिवारिक जीवनको

कुरा गर्दा उहांको २७ बर्षको उमेरमा दलित नेता तथा साहित्यकार, पत्रकार टीआर विश्वकर्मासंग बि.सं. २०२० सालमा विवाह भएको थियो । मिठाईदेवीले अनवरतरुपमा दलित आन्दोलनमा पुर्‍याएको योगदानको कदरस्वरुप विभिन्न संघ संस्थाहरुले उहांलाई सम्मानित गरेका छन् । खासगरि उहांको जीवनका अविष्मरणीय सम्मानहरुमा भारतीय दलित साहित्य एकाडेमीले सन् १९८६ मा उहांलाई अम्वेड्कर फेलोसीप र १९८८ मा दलित तथा अन्य समानताको आन्दोलनमा योगदान पुर्‍याएका अन्तर्राष्ट्रिय व्यक्तित्वहरुलाई प्रदान गरिने अम्वेडकर अन्तर्राष्ट्रिय पुरस्कार प्रदान गरेको थियो । देवकोटा साहित्य पुरस्कार , त्यसैगरी दलित गैरसरकारी संस्था महासंघले सन् २००४ को ३८ औं अन्तर्राष्ट्रिय जाति तथा रंगभेद उन्मुलन दिवसको अवसरमा दलित आन्दोलनमा ऐतिहासिक योगदान पुऱ्याएवापत सम्मान प्रदान गरेको थियो भने ९२ औं अन्तराष्ट्रिय नारी दिवशको अवसरमा उहांलाई दलित महिलाको तर्फबाट प्रथम स्नातक घोषणा गरी एक अभिनन्दनसमेत गरिएको थियो । दलितहरुमा निहित व्यक्तिगत स्वार्थ, पदलोलुपता, संयुक्त मोर्चाको अभावजस्ता कारणले दलित आन्दोलन अघि बढ्न नसकेको ठहर उहांको छ । तर हाल शारिरीकरुपमा अलि कमजोर अवस्था भएको कारण बाहिरतिर त्यतिसारो हिंड्डुल गर्न सक्नुहुन्न । अत: अन्य कडा शारिरीक श्रम पनि गर्न नसक्ने अवस्था भएकोले आजकाल उहांको फुर्सदको क्षण र एकान्तको साथी नै पुस्तकहरु भएको छ । यिनै दर्शन र साहित्यको अध्ययनमा तल्लीन हुंदै समयहरु बिताइराख्नु भएको छ । विगतमा लेखिएका, छरिएर रहेका कृतिहरुको संकलन , सम्पादन कार्यमा व्यस्त भैरहेको बताउनुहुन्छ उहां । दलितहरुको हक अधिकारका लागि अझै धेरै गर्न बाकिं रहेको र त्यसका लागि संम्बन्धित क्षेत्रका सबैले सकारात्मक योगदान दिनुपर्ने कुरामा जोड दिनुपर्ने सुझाव दिनुहुन्छ ।

■ ■ ■